# गौर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गौर,रौतहट, मधेश प्रदेश,नेपाल

**दोस्रो पटक प्रकाशित मिति २०७९/०४/०१ गते**

## आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी सूचना

यस नगरपालिकाबाट पारित दररेट तथा सार्वजनिक खरिद ऐन, नियमावली अनुसार यस नगरपालिकाको स्वामित्वमा रहेको गौर बसपार्कको आ.व.२०७९/०८० देखि आ.व.२०८१/२०८२ को २०७९ साल श्रावण देखि २०८२ साल आषाढ मसान्त सम्म (३) बर्षका लागि सवारी साधन प्रवेश शुल्क, टिकट काउण्टर शुल्क, शौचालय प्रयोग शुल्क, सटर कोठाहरु,चमेना गृह र प्रशासनिक भवन समेतको एकमुष्ठ बढाबढको माध्यमद्वारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले ईच्छुक फर्म/कम्पनीले तपसिलका शर्तहरुको अधिनमा रही रितपूर्वक गोप्य सिलबन्दी बोलपत्र पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

१. बोलपत्र बिक्री हुने अन्तिम मिति सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (२०७९/०४/१५) गते दिनको ५:०० बजे सम्म।

२. बोलपत्र फाराम दस्तुर रु ३,०००।- (तिन हजार मात्र) फिर्ता नहुने गरी।

३. बोलपत्र दर्ता हुने अन्तिम मिति २०७९/०४/१६ गते दिनको १२:०० बजे सम्म गौर नगरपालिका कार्यालयमा।

४. बोलपत्र खोलिने मिति २०७९/०४/१६ गते दिनको ५:०० बजे गौर न.पा.कार्यालयमा।

५. बोलपत्र पेश गर्ने फर्म/कम्पनीले कबुल गरेको कुल जम्मा अंकको ५% ले हुने रकम धरौटी वापत यस नगरपालिकाको रा.वा.बैंक गौरमा रहेको खाता नं.१२१०१००३०३०००००५ मा जम्मा गरेको सक्कल बैंक भौचर,फर्म ईजाजत प्रमाण पत्र,मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र, आ.व.२०७७/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

६. प्रत्येक वर्षका लागि बुझाउनु पर्ने किस्ता रकम आर्थिक वर्ष सुरु हुनु भन्दा पहिला एकमुष्ठ बुझाए कबुल अङकको १०% ले हुने रकम छुट दिईनेछ। रकम एकमुष्ठ बुझाउन नसक्नेलाई बोलपत्र स्विकृत पश्चात प्रत्येक वर्ष ३ किस्तामा बुझाउने गरी किस्ताबन्दी गर्न सकिने छ। पहिलो वर्षका लागि कबुल गरेको रकमको पहिलो किस्ता वापत बुझाउनु पर्ने रकम सम्झौता हुनु भन्दा पूर्व यस कार्यालयमा बुझाई दोस्रो र तेस्रो किस्ताको हकमा "क" वर्गको बैंकबाट गौर नगरपालिकाको नाममा जारी (१) एक बर्ष म्याद भएको बैंक जमानत पत्र पेश गर्नु पर्ने छ, किस्तामा रकम बुझाउने भए बोलपत्रदाताले प्रत्येक आ.व.को वैशाख मसान्तभित्र एक वर्ष म्याद भएको बैंक जमानत पत्र पेश गर्नुपर्नेछ। प्रत्येक आ.व.को वैशाख मसान्तभित्र बैंक जमानत पत्र पेश नगरे ठेक्का सम्झौता स्वतः भंग भएको मानिनेछ, र गौर नगरपालिकाले पुन ठेक्का बन्दोवस्त गर्न सूचना प्रकाशित गर्न सकिनेछ। किस्तामा रकम बुझाउनेलाई छुट दिईने छैन्।

७. बोलपत्रदाताले सिलवन्दी बोलपत्रमा उल्लेख गरेको कबुल रकम अङक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ।

८. धरौटी रकम यस नगरपालिकामा बुझाउने किस्ता रकममा मिन्हा हुने छैन्।

९. सानो तिनो (२०-२५) हजार सम्मको मर्मत गर्नुपर्ने भए बोलपत्रदाताले नै अनिवार्य रुपमा गर्नुपर्ने छ, सो भन्दा ठूलो मर्मत गर्नुपरे आवश्यकता र औचित्य हेरी नगरपालिकाले गर्नेछ।

१०.गौर बसपार्कमा उपयोग हुने बिधुत महसुल र पानी महसुल वा अन्य सेवाको शुल्कहरु मासिक रुपमा बोलपत्रदाताले नै बुझाउनु पर्ने छ र सोको बिल अनिवार्य रुपमा सोही महिनामा यस नगरपालिकामा पेश गर्नु पर्ने छ। मासिक रुपमा बिधुत महशुल, पानी महशुल तथा अन्य शुल्क वा यस कार्यालयलाई बुझाउनु पर्ने रकम नबुझाए उक्त ठेक्काको लागि राखिएको धरौटी रकमबाट कट्टा गरिनेछ।

११. गौर बसपार्कभित्र आगमन र त्यहीबाट प्रस्थान हुने लामो र छोटो दुरीका सवारी साधनहरु बसपार्कमा एक पटक प्रवेश गरेपछि तिरेको प्रवेश शुल्क सोही दिनका लागि मान्य हुनेछ।

१२.नगरपालिकाको कुनै प्रकारको बाँकी बक्यौता रहेको वा कालो सुचीमा परेको फर्म वा कम्पनीहरु बोलपत्रमा भाग लिन पाउने छैन।

१३.बोलपत्रदाताले खरिद कार्यमा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धीत पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको वा कालो सुचीमा नपरेको भनि लिखित रुपमा गरेको स्वयं घोषणाको कागजात पेश गर्नुपर्नेछ।

१४.ठेक्का असुली दररेट यस नगरपालिकाको सूचना पाटीमा टाँस गरिनुको साथै बोलपत्र फारम साथै उपलब्ध गराईने छ।

१५. ठेक्का रकममा मूल्य अभिवृद्धि कर समेत समावेश गरी यस कार्यालयलाई बुझाउनु पर्नेछ।

१६. मू.अ.कर बाहेक नियमानुसार तिर्नु पर्ने करहरु ठेकेदार स्वयंले नै सम्बन्धित निकायमा तिर्नु पर्नेछ।

१७. सवारी साधन प्रवेश शुल्क, टिकट काउण्टर शुल्क र शौचालय प्रयोग शुल्कमा दररेट नबढाई यस नगरपालिकाले तोकेको दरमा लिनु पर्नेछ।

१८. सटरकोठा र चमेना गृहको मासिक भाडा ठेकेदार स्वयले निर्धारण गरी भाडा लिन सक्ने छ, र ठेक्का सम्झौता भएको ३ महिनाभित्र प्रयोगमा ल्याउनु पर्नेछ।

१९. बसपार्कको सुरक्षाको लागि मुलगेटमा प्रत्येक दिन ८ घण्टाको हिसावले ३ जना र १६ घण्टा सरसफाईको लागि २ जना स्वीपरको व्यवस्था अनिवार्य रुपमा बोलपत्रदाता स्वयंमको खर्चमा व्यवस्था गर्नुपर्नेछ। बसपार्कबाट संकलन भएको फोहोरको व्यवस्थापन ठेकेदारले स्वयंम न.पा.को निर्देशन अनुसार गर्नुपर्नेछ।

२०. पेश भएको बोलपत्र कुनै कारण जनाई वा नजनाई आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगर कार्यपालिकाको कार्यालयमा निहित रहने छ।

२१. बोलपत्र खरिद तथा दर्ताको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा बिदा पछि कार्यालय खुलेको दिन कायम हुनेछ।

२२. यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित ऐन, नियम र यस न.पा.को निर्णय बमोजिम हुनेछ।

२३.सम्झौता अनुसार कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी समझदारीमा समस्या समाधान गरिनेछ। आपसी समझदारीमा समस्या समाधान नभएमा प्रचलित कानुन बमोजिम हुनेछ।

## तपसिल

| क.स. | भौतिक संरचना तथा सेवा | लिन पाउने सेवा शुल्क | न्यूनतम कबोल अङ्क (३ बर्षको) मू.अ.कर बाहेक | कैफियत |
|---|---|---|---|---|
| 1 | रिक्सा, टेम्पु प्रवेश शुल्क | रु.१०।- (प्रति दिन एक पटक) | 1,00,00,000.– (एक करोड मात्र) | सकार रकममा मू.अ.कर रकम समेत समावेश गरी बुझाउनु पर्नेछ। |
| 2 | लामो दुरीको बस तथा अन्य सवारी साधन प्रवेश शुल्क | रु.१००।-(प्रति दिन एक पटक) | | |
| 3 | शौचालय शुल्क | पिसाब फेर्नेबाट रु.५ ।- दिशा गर्नेबाट रु.१०।- | | |
| 4 | टिकट काउण्टर संख्या (४) | प्रत्येक काउण्टरको ५,०००।- मासिक | | |
| 5 | छोटो दुरीको बस तथा अन्य सवारी साधन प्रवेश शुल्क | रु.५०।-(प्रति दिन एक पटक) | | |